# आत्मिकी लड़न्त
Spiritual Warfare
Notes by Franklin

## परिचय : लड़न्तको इतिहास

## प्रतापी विजय

## आजको अवस्था

## शत्रुको रणनीति अथवा तरीका

क) विश्वासीहरुको जीवन र सेवाकाइमा आक्रमण गर्न ।

ख) गढ़हरु निर्माण गर्न – श्वेत्रफल वा स्थानलाई आफ्नो नियन्त्रण गर्न ।
१. व्यक्तिगत गढ़हरु
२. पारिवारिक गढ़हरु
३. शहर, जाति, मानिस अथवा राष्ट्रिय गढ़हरु
४. शैतानीक धर्मकर्मका गढ़हरु
५. मण्डलीका गढ़हरु

## हाम्रो लड़न्त
क) पहिलो – बलियो मानिसलाई बाँध्नु

ख) हाम्रो जीवनमा दुष्टलाई बाँधेका छौं, जसै हामीले खीष्ट येशूको आज्ञा पालन गर्छौं

ग) परमेश्वरको सारा हतियार धारण गरौं एफिसी ६:११-१७
१. आफ्नो कम्मर सत्यताले बाँध्नु
२. धार्मिकताको छातीपाता
३. सुसमाचारको तयारीको जुत्ता लगाउनु
४. विश्वासको ढाल
५. मुक्तिको टोप

घ) हाम्रो लड़न्तको आत्मिकी हतियार
१. प्रार्थना
२. आत्माको तरवार
३. येशूको नाम
४. प्रशंसाको शक्ति
५. सुसमाचारको शक्ति
६. गवाहीको शक्ति
७. उपवासको शक्ति

## व्यावहारिकता – आत्मिकी लड़न्त

# आत्मिकी लड़न्त
Notes by Franklin

## परिचय : लड़न्तको इतिहास

क) आदिमा – सृष्टिद्वारा सबै थोक परमेश्वरको अधिनतामा
उत्पत्ति १:१ भजन २४:१

ख) मानिसलाई पृथ्वीमाथि अधिकार गर्न दिइयो
उत्पत्ति १:२८ भजन ८:६ ११५:१६

ग) शत्रु देखा पर्दछ र उसको योजना प्रकट गर्दछ

१. उसको **सिंहासन** महिमीत पार्न : आफ्नै आराधना खोज्न
- यशैया १४:१२-१७ पृथ्वीमा आफ्नो विद्रोह ल्याउँदछ ।
- उत्पत्ति ३ मानिसलाई छल गर्दछ, आदमलाई र संसारलाई आफ्नो शक्ति र अधिकारको अधिनतामा पारि पाप र शैतानको अधिनतामा पाऱ्यो ।
- परमेश्वरले युद्धको घोषणा गर्नुभयो उत्पत्ति ३:१५

२. आफ्नो सिमाना र उसको राज्य बृद्धि गर्न
लूक ४:४-६

३. परमेश्वरको बहुमुल्य **सम्पत्तिलाई** चोर्न र नाश पार्न
योएल ३:५, ९-१० मत्ती १३:४४; यूहन्ना १०:१० क ।

## प्रतापी विजय

क) येशू ख्रीष्टको आगमन
- फिलिप्पी २:६, ७ आफैलाई रित्याउनुभयो - आफ्नो सिंहासनबाट ओर्लनुभयो ।
- कलस्सी २:१३-१५ **विजय**

ख) यस संसारको शासकलाई फ्याँकिदिनुभयो
यूहन्ना १२:३१ मत्ती १२:२८-२९

पहिलो : येशूले बलियो मानिसलाई बाँध्नुभयो– कसरी ??
- पापलाई हटाउनुभयो यूहन्ना १:२९; १यूहन्ना ३:५
- त्यसैले मुत्युलाई जित्नुभयो हिब्रू २:१४
- शैतानलाई हराउनुभयो १यूहन्ना ३:८

दोस्रो : येशू **ख्रीष्ट** बलियो मानिसको घरमा पस्नुभयो अनि आफ्नो रगतद्वारा सम्पत्तिलाई छुटकारा दिनुभयो – शैतानको घरलाई ध्वांस्त बनाई दिनुभयो ।

- एफिसी ४:८-९

- १पत्रुस ४:६ पृथ्वीमा ओर्लनुभयो (लूका १६:१९-३१) र स्वर्गदूत सँगसँगै वादलमा माथि उक्लनु भयो ।

मत्ती १६:१८ "म आफ्नो मण्डली स्थापना गर्नेछु, र मृत्युको फाटक यसमाथि विजय हुनेछैन ।"

नरकको ढोका खुल्ला छ ! !

शैतानले आफ्नो इच्छामा मानिसलाई समातेर राख्न पाउनेछैन ।

मानिसको पतन पछि पहिलो पटक अब स्वर्गको ढोका खोलिएको छ ।

भजन २४:७-१०

क्रूसको विजय चाहिँ परमेश्वरको राज्यको शक्ति अन्धकारको राज्यको शक्तिमाथि विजय गर्न हो ।

आजको अवस्था

- फिलिप्पी २:९-११ उचालिनुभयो र सबै शक्ति दिनुभयो
- हिब्रू १:३; २:८ "हामी सबै कुरा अहिले देख्न सक्दैनौं"
- हिब्रू १०:१२, १३ "बसिरहे .. पर्खेर .. तबसम्म .."

राज्यहरु अझै युद्धमा छन् – युद्ध जारी छ

युद्ध - शक्ति - अधिकार - मानिसको लागि ।

- १यूहन्ना ५:१९
- यूहन्ना १२:३१; १४:३०; १६:११ "यस संसारको शासक ।"
- रोमी १६:२० जव हामी सुसमाचारको लागि "जान्छौं ।"

एफिसी ६:१२

भजन २:५-१२

दुष्टको शक्तिमाथि उहाँको विजय र यसको प्रभाव संसारमा भएको चाहिँ
अहिले मण्डलीको हातमा छ ।

१कोरिन्थी १५:५७ हामीलाई विजय दिनुभएको छ !

एफिसी ३:१० "ताकि यसरी मण्डलीद्वारा परमेश्वरका विभिन्न किसिमका ज्ञान स्वर्गीय स्थानहरुमा शासकहरु र अख्तियारवालाहरुका माझमा प्रकट गरियोस् ।"

शैतानसँग उहाँको बदला र घृणा, अहिले हामीद्वारा प्रकट गर्नुहुन्छ ! ! !

उहाँले आफैलाई प्रकट गराउनलाई मानिसहरु छान्नुभयो र तिनीहरु प्रचारक बनेर उहाँको मुक्ति र विजयको घोषणा संसारमा गरे ।

गलाती ३:८ प्रेरित १३:४७ (यशैया ४९:६) रोमी १:१६

येशूले इस्राएलबाट सुसमाचारलाई हटाएर मण्डलीलाई दिनु भयो !
मत्ती २१:३३-४३ र २३:३७

हितोपदेश ८:१३

रोमी १२:९

रोमी १२:२१

## शत्रुको रणनीति वा तरीका

उपदेशक ९:१४-१८

लड़न्तको विषयमा जान्नुपर्ने सवै भन्दा महत्वपूर्ण कुरा तपाईले शत्रुलाई चिन्नु र बुझ्नु हो ।
हितो २४:५-६

पहिलो : विश्वासीको जीवन र सेवाकाईमा आक्रमण गर्ने

१. तपाईंलाई जानवाट रोक्दछ १थेस्सलोनिकी २:१८

२. परिक्षाहरु : लूका ४:१-१३; याकूब १:१३-१६
यूहन्ना १४:३० "उसको मसँग केही हुँदैन"

३. झूट र छलको कारण शंका पैदा गर्दछ :
- क) यूहन्ना ८:४४ "झूटको पिता"
- ख) २कोरिन्थी ११:३ हव्वालाई छक्यायो
- ग) २कोरिन्थी ११:१३-१४ ज्योतिको दूत
- घ) १तिमोथी ४:१ २तिमोथी २:२४-२६ धेरैलाई छक्याएर
- ङ) प्रकाश २०:३, ८ राज्यलाई छक्यायो

४. दोष लगाएर दोषी ठहऱ्यायो : प्रकाश १२:१० रोमी ८:१

५. रोग बिमारीपना : लूका १३:१०-१७ (पद ११, १६)

६. सतावटहरु २कोरिन्थी ११:२३-२७ मत्ती ५:११, ४४ यूहन्ना १५:२०

७. प्रार्थनामा बाधा दिन्छ दानियल १०:२-६, १२, २०-२१

८. चिसोपना, वेवास्तापना, अल्छीपना र निर्दयीपना ल्याउँदछ
मत्ती २४:१२ इजकिएल ९:४ प्रकाश ३:१५-१९

९. चोर्न, मार्न र नाश पार्न यूहन्ना १०:१० १पत्रुस ५:८

- मत्ती १३:१९ संसारलाई चोऱ्यो ।
- लूका ११:१४ शैतानले वचन वन्द गऱ्यो ।

- मत्ती १२:२२ शैतानले दृष्टि र वचन वन्द गऱ्यो ।
- मर्कूस ९:२२
- यूहन्ना ५:५, १४

भजन ९७:१०

दोस्रो. गढ़हरु (किल्ला) निर्माण गर्दछ – सिमाना आफ्नो अधिनमा पार्दछ ।

२कोरिन्थी १०: ३-४
जसलाई उसले अधीन पार्न सक्दैन, उसले जित्नलाई कडा परिश्रम गर्दछ ।

१) व्यक्तिगत गढ़हरु – जसरी हामी विचार गर्छौं र विश्वास गर्छौं शैतानले हामीलाई प्रभाव पार्ने कोशिश गर्दछ, हामीमा विचार र कार्यको नमूना निर्माण गर्दछ अनी यस क्षेत्रलाई अधीन गरी त्यहाँबाट आफ्नो राज्य बृद्धि गर्दछ । २कोरिन्थी १०:५-६

पहिलो. संसारिक मान्यताहरु
मत्ती १६:२१-२३ लूका १६:१४-१५
मर्कूस ४:१८-१९ याकूब ४:४
१यूहन्ना २:१४-१७

दोस्रो. घमण्ड, याकूब ४:५-१०; १पत्रुस ५:५-९; यशैया २:१०-१७

पत्रुससँग घमण्डको व्यक्तिगत गढ़ थियो : लूका २२:३१-३२ घमण्डको कारण शैतानले पत्रुसलाई आक्रमण गर्न आधिकारिक कारण पायो पद २४
पत्रुसको चरित्र जानेर, उसले विवाद जित्यो । शैतानले आक्रमण गरेर "बलियो" पत्रुसले तीन पटक येशूलाई इन्कार गरे । परमेश्वरले यसलाई भलाईमा परिणत गर्नुभयो (रोमी ८:२८) । यसले पत्रुसको घमण्ड तोडियो (लूका २२:६१, ६२) । उसको बल (शक्ति) पर्याप्त छैन भनी उसले सिक्यो । येशूले उसलाई उठाउनु भयो (यूहन्ना २१:१५-१७; प्रकाश १२:११) ।

तेस्रो. क्षमा नदिने पना २कोरिन्थी २:१०-११; हिब्रू १२:१५
मत्ती ७:१ मत्ती १८:२१-३५

चौथो. रीस, झूट, चोरी, खराब वचन, गाली, तितोपना, डाह, स्वार्थी अभिलाषा :
एफिसी ४:२५-३२; याकूब ३:१-१६; ४:११-१२ ।

पाँचौं. शारीरको अभिलाषा गलाती ५:१९-२१; १पत्रुस २:११-१२

१तिमोथी ३:७
२तिमोथी २:२६
एफिसी ५:१-१३ कलस्सी ३:१-१०

उहाँको राज्यको बृद्धि :

२. पारिवारिक गढ़ – व्यक्तिगत गढ़को परिणाम पिता-पूर्खाको पापहरुले अधर्महरु र कमजोरी उत्पन्न गराउँदछ र यसले भावी पुस्तालाई यस्तै प्रकारको पाप गर्न लगाउँछ ।

क) जसरी कयीनले मारे – त्यसरी नै उसको नातीले गरे । उत्पत्ति ४:२३-२४

ख) अब्राहामले आफ्नो श्रीमतीको विषयमा झूट बोले उत्पत्ति १२:१३; २०:२
इसहाकले आफ्नो श्रीमतीको विषयमा झूट बोले उत्पत्ति २६:७
याकूब बदनाम फैलाउने ठगी थिए ।

ग) दुष्ट धर्महरु र मूर्तिपूजा : लेवी २०:५

घ) लोभीपना – पैसालाई बढी माया गर्ने - भ्रष्टचार
एली र उनका छोराहरु : १शमूएल २:२९; ३:१३

ङ) अनैतिकता
लूत र उनका छोरीहरु : उत्पत्ति १९:३०, ३२

उहाँको राज्यको बृद्धि :

३) शहर, जाति, मानिस अथवा राष्ट्रिय गढ़हरु,

जब मानिस र समूहले आफैलाई शैतानको सिद्धान्तमा वा पापमा सुम्पिदिन्छन्, यसले "आधिकारिक रुपमा" शैतानलाई आफ्नो क्षेत्र बढाउन मौका दिन्छ ।

राष्ट्र र जमीनलाई अशुद्ध पार्ने पापहरु :

- व्यभिचारको पापहरु लेवी १८:१-३०; पद २४-३०
  पद २४ : मानिस अशुद्ध हुन्छ, राष्ट्र र भूमि ।
  पद २५ : देशले आफ्नो वासिन्दालाई उकेलेर फ्याँकिदियो
  लेवी १९:२९ वेश्यगमनले देश अशुद्ध हुन्छ ।

- मूर्तिपूजा भजन १०६:३४-३८ (१) पूजिने मूर्तिहरु ।
  (२) छोरा वा छोरीहरुको बलिदान । (३) निर्दोष रगत बगाई
  भूमिलाई अपवित्र पारे

- तन्त्रमन्त्र व्यवस्था १८:९-१४

- हत्या – मानिसहरु मार्ने
  उत्पत्ति ४:९-१२ गन्ती ३५:३३-३४
  व्यवस्था २१:१-९ हिब्रू १२:२४

जून क्षेत्र परमेश्वरले तिनीहरुलाई दिनुभएको थियो, त्यसलाई तिनीहरुले शैतानलाई दिए र तिनीहरुले पाप गरे र त्यसप्रति आज्ञाकारी भए ।
उदाहरण : प्रेरित १७:२६ व्यवस्था ३२:८

- आदमले आफ्नो अधिकार शैतानलाई हराए
- सन् फ्रचान्सीसको पुरूषगामीको निम्ति प्रसिद्ध छ ।

- सिकागो दलहरुद्वारा क्रान्ति गर्ने कुरामा प्रसिद्ध छ ।
- लास भेगास लोभी र जुवा खेल्नमा प्रसिद्ध थिए ।
- कलकत्ताको "काली" देवी मृत्युको देवता हुन् ।
- एफिससको "डायना" देवी टुनामुना र विभाजनका देवता हुन् ।
- भारतको हिन्दु धर्ममा करोडौं देवी देवता छन् ।

व्यक्ति गस्तै गरी शहर, जाति वा राष्ट्र पनि अधीनतामा पर्न सक्छन् र दुष्ट आत्माहरुको परिचयमा पर्दछन् ।

- मत्ती ११:२०-२४ हरेक शहर उसको आफ्नो कामको कारणले जिम्मेवारी वहन गर्नुपर्दछ ।
- हिब्रू ११:१०, एउटा शहर वा राष्ट्र आत्मिकी जग मा बनिनु धेरै महत्वपूर्ण छ ।
- हबकुक २:१२
- नहूम ३:१

यी कुराहरुले सम्पूर्ण संस्कृतिलाई नै पूर्ण रुपमा असर पार्दछ । शैतानले यस्तो अगुवाहरु र मानिसलाई खोज्दछ जसले उसको सेवा गर्दछ र यसको सट्टामा उसले तिनीहरुलाई शक्ति प्रदान गर्दछ ।

क) "टायरको राजकुमार" (पृथ्वीमा) र टायरको राजा (स्वर्गमा)
इजकिएल २८:२,१२

ख) "पर्सियाको राजकुमार" र पर्सियाको राजा दानियल १०:२०
सद्दाम हुसैन जस्तो शक्तिशाली नेता

यशैया २४:२१, "त्यस दिन परमप्रभुले माथि स्वर्गको शक्तिलाई र तल पृथ्वीका राजाहरुलाई दण्ड दिनुहुनेछ ।"

## ४. धार्मिक गढ़हरु

मानिसद्वारा बनिएका परमेश्वरको प्रकाशलाई तिरस्कार गरिएका; दुष्ट आत्मालाई पूज्नेहरु अथवा आफ्नो अवस्था सजिलो पार्न र आफ्नो आत्मिकी आवश्यकताहरु सन्तुष्ट पार्न दुष्ट आत्माको सेवा गर्नेहरु ।

२कोरिन्थी ११:१४ " र यो कुनै अचम्मको कुरा होइन किनकि शैतानले पनि ज्योर्तिमय स्वर्गदूतहरुको भेष धारण गर्दछ ।"

शताव्दिदेखि नै यी दुष्ट शासकहरुले आफ्नो शक्ति कायम गर्दै आएका छन् :

क) धार्मिक चाड-वाडहरु, रीतिथितिहरु र तिर्थयात्राहरु यस्ता कार्यहरुले आत्मिकी शक्तिको प्रभाव पारेको स्वीकारेका छन्; समस्या बढेको, सतावटहरु, शैतानिक चिन्ह र अचम्मका कामहरु ।
उदाहरण : इस्लामिक हज; भारतमा कुम्भ मेला आदि ।

ख) तिनीहरुले आफ्नो पिता-पूर्खाले गरिआएको चलन र भाकललाई निरन्तरता दिने काम गर्छन् र शैतानलाई खुल्ला रुपमा विशेष मानिस र ठाउँलाई अक्रमण गर्न इजाजत दिन्छ ।

ग) यी चाडपर्वहरु, रीतिथिति र तिर्थयात्राहरुलाई “परम्परा” भनिन्छ ।

घ) तन्त्रमन्त्र, शैतानिक विधि र नयाँ युगको धर्महरु जसले आत्माहरुलाई अगुवाई गर्दछ, संगठित आत्माहरुलाई वचनद्वारा, सरापद्वारा, विधिविधान र नियमहरुद्वारा शक्ति दिंदछ ।

- व्यवस्था १८:९-१४
- १कोरिन्थी १०:२०-२१
- २कोरिन्थी ६:१४-७:१

जब यी पापहरु समावेश हुँदछ, शैतान विशेष गरी शक्तिशाली बन्दछ :

रगत बहाई (बलिदान) र वेश्यगमन
यी दुवै पापहरु बाचा गर्ने किसिमका हुन् ।

क) रगत : भजन १०६:३५-३८ “छोराछोरीहरु शैतानलाई बलि दिने ।”
गन्ती ३५:३३ उत्पत्ति ४:१०-१२
हिब्रू १२:२४ “र नयाँ करारका मध्यस्थ येशूको सन्मुख तथा छर्किएको रगतको सन्मुख आएका छौं, जसले हाबिलको रगतभन्दा अझ उत्तम वचन बोल्दछ ।” हाबिलको रगत न्यायको निम्ति रोयो । येशूको रगत क्षमाको निम्ति रुँदछ ।”

ख) वेश्यगमन (व्यभिचार) उत्पत्ति ६:१-७ डरलाग्दो न्याय ।
उत्पत्ति १८:२० १९:४-९ डरलाग्दो न्याय ।
रोमी १:२३-३२ पद २७ डरलाग्दो न्याय

क्षेत्रहरु अधीन पार्ने शत्रुको कदमहरुः

१) आधिकारिक रुपमा खोजी गरी पस्ने काम ।
२) पर्खालहरु बनाउने काम ।
३) मुख्य ढोका (गेट) मा बस्ने काम ।

५) मण्डलीमा गढ़ :
सम्प्रदायिक विश्वास : (ठूलो समूहमा समूहबाटै मतभिन्नता र फरक दृष्टिकोणहरु हुने समस्या ।)

क) मण्डलीमा विभाजन
ख) सिद्धान्त र विश्वासमा घमण्ड
ग) सम्प्रदायको मूर्तिपूजा वा कुनै छुट्टै विश्वासको सारहरु जसले अरू अंगबाट छुट्टिएर अलग बस्नुपर्दछ ।
घ) “हामी र तिनीहरु” भन्ने भावनाको उत्पत्ति

# हाम्रो लड़न्त

क) पहिलो / बलियो मानिसलाई बाँध्नु मत्ती १२:२८, २९
परमेश्वरको राज्यको बृद्धि, "भूतात्माहरु निकाल्न" सँग सम्बन्धित छ।

"बलियो चाहिँ" दुष्ट आत्मा वा भूतात्माहरु, "राजा" जसले घरलाई नियन्त्रण गरी कब्जा गर्दछ।

"बलियो मानिसको घर" वा 'गढ़' वा क्षेत्र चाहिँ व्यक्ति, परिवार, समूह, मानिस, राष्ट्र अथवा भौगोलिक क्षेत्र हुन् जसमा दुष्ट आत्मा वा आत्माहरुले वास गरी नियन्त्रण गरेका हुन्छन्।

मत्ती १२:२९ "पहिला बलियो मानिसलाई बाँध्नु।"

मत्ती १८:१८

बाँध्नु

१. गाँठो पारी बाँध्नु र कस्नु
    - क) साङ्लाले बाँध्नु र गाँठो पार्नु, साङ्ला वा जालमा फाल्नु।
    - ख) दोषी सावित गर्नु, कानुन लगाउनु
    - ग) नियम विरूद्ध दोषी सावित गर्नु

फूकाल्नु

१. कुनै व्यक्ति वा (चिजलाई) बाँधेको अवस्थाबाट फुकाल्नु।
२. त्यो चाहिँ नबाँधेको वन्धनबाट फुकुवा गरिएको स्वतन्त्र पारिएको।
    - क) भ्यालखानाबाट निकालिएको जान दिनु
    - ख) अधिकारबाट हटाईएको जान दिनु
    - ग) नियमविरूद्धको अभियोग नलागेको

कसरी ?

ख) दुष्ट बाँधिएको छ – हाम्रो जीवनमा - जसै हामी येशू ख्रीष्टको आज्ञा पालन गर्दछौं।

जसै येशू ख्रीष्टले शैतानलाई बाँध्नुभयो :

१. वचन प्रति आज्ञाकारी हुनुभयो। "यो लेखिएको छ" लूका ४:४, ८, १२
२. पिताको आज्ञा मान्नुभयो। यूहन्ना ५:१९, ३०; १४:३० म मा केही हुँदैन

जब हामी येशू ख्रीष्टको वचन र आज्ञा पालन गर्छौं हाम्रो जीवनमा बलियो मानिस बाँधिएको हुन्छ र उ शक्तिहिन हुन पुग्दछ।

- यहोशू ५:१३-१५ "सेनाहरुका परमप्रभुमा" समर्पण गरे

- यहोशू ६:२; ७:११-१३ छाउनीमा पाप गरेर तिमीहरु शत्रुसँग लडाईं गर्न सक्ने छैनौं ।

- **मिश्र** अन्कारको राज्य / शैतान र पापको दास ।
- **उजाड-स्थान** पापसँग युद्ध / शरीर
- **प्रतिज्ञाको देश –** शक्ति र प्रधानताहरुसँगको युद्ध ।

पहिलो लडाईं मैले जित्नु पर्छ – उजाड-स्थानमा विजय
– मेरो शरीरमा विजय

१कोरिन्थी १०:६ "उनीहरुले जस्तै हामीले खराबीको इच्छा नगरौं भनी यी कुरा हाम्रो चेताउनीको लागि हुन् ।"

व्यवस्था ८

पद १ : आज्ञाकारीता आवश्यक छ

- जीवनको लागि
- देश अधिकार गर्नको लागि

पद २ : उजाड-स्थानको उद्देश्य

- हामीलाई नम्र बनाउन । हाम्रो घमण्ड तोडिनुपर्छ
- हामीलाई जाँच गर्न । हाम्रो हृदयमा के छ भनी जान्न ।
  प्रभु हाम्रो चरित्र, गुण प्रति वास्तागर्ने पहिलो र प्रथम हुनुहुन्छ । रोमी ५:३-४

उजाड-स्थानमा थियो :

क) एउटा मुत्युको ठाउँ जसमा पूरै सन्तति जसले लगातार गनगन गरिरहने गुनासो गरिरहने, तितोपनामा रहिरहने थिए, जसले परमेश्वरको आज्ञा मानेनन् र उहाँमाथि विश्वास गरेनन् । तिनीहरु सधैं आफ्नै पिता-पूर्खा झैँ पुरानो बाटोमा फर्किन चाहे । गन्ती १४:२०-२४

ख) ठीक त्यही उजाड-स्थान जुन जीवनको ठाउँ हो जो सबै पुस्ताको लागि जन्मनु भयो र सबै कठोरतामाथि विजय दिनुभयो । कुनै कुरा थाहा नपाईकन पनि तिनीहरुले उहाँमाथि विश्वास गर्न धेरै बाँझो पन र समस्याको सामना गर्नुपऱ्यो र तिनीहरु परिवर्तन हुन चाहे । तिनीहरु अगाडि बढ्न चाहे । तिनीहरु परमेश्वरको प्रतिज्ञाहरुमा लडाईं गर्न तयार भए

यो तपाईंको निश्चयता हो – तपाईंको प्रत्युत्तर तपाईंले निर्णय गर्नु जरूरी हुन्छ, जसले जीवनको ठाउँ र मुत्युको ठाउँलाई तपाईंको निम्ति निर्धारण गर्दछ ।

गलाती ५:१७ लूका ९:२३ रोमी ६

जीत नै युद्ध हो - पालन गर्न सिकौं । तब मात्र म यर्दन पार गर्न तयार हुँदछु र यस संसारको संसारिक शासक, प्रधानता र शक्तिको विरूद्धमा आत्मिक लड्न्त लड्न शुरू हुनेछ र परमेश्वरको राज्यमा देश अधिकार गर्नेछु ।

परमेश्वरको राज्य = प्रभुत्व = अधिकार गर्दै जाँदैछु अथवा शासन गर्दैछु ।

आज्ञाकारीताले तपाईंलाई अधिकार मुनि राख्दछ ।

यदि हामीले उहाँको आज्ञा मानेनौं भने उहाँले हामीलाई शत्रुको जालदेखि वचाउन सक्नुहुन्न

मत्ती ७:२४-२७

हाम्रो आज्ञाकारीताले शैतानलाई बाँध्दछ र उसले हामीलाई छुन सक्दैन । १यूहन्ना ५:१८

यसको अर्थ यो हो : "तिम्रा मुक्तिको काम पूरा गर्दै जाओ ।"
फिलिप्पी २:१२

लूका ६:४६-४९ "यदि मैले भनेको कुरा सुन्दैनौ भने किन मलाई प्रभु, प्रभु भनी भन्दछौ ?"

येशूको सन्देश : "पश्चात्ताप गर, किनकि परमेश्वरको राज्य नजिकै छ" (मर्कूस १:१४-१५)
यसले आज्ञाकारिताको माग गर्दछ ।
पश्चात्ताप चाहिँ (क) आफैलाई नम्र तुल्याउनु हो । (ख) फर्किनु - तपाईंको जीवनको दिशा परिवर्तन गर्नु हो ।

पश्चात्ताप भनेको आज्ञा पालन गर्ने निश्चयता गर्नु हो मानिसको इच्छाको प्रत्युत्तर

"तपाईंको राज्य आओस्" कसरी ? "तपाईंको इच्छा पूरा होस् ।"

परमेश्वरको राज्यले एउटा कुराको माग गर्दछ : पश्चात्ताप / फर्किनु / समर्पण

मीका ६:८; याकूब ४:६-१०; १पत्रुस ५:५-९
(२इतिहास ३२:२४-२६; ३३:१०-१३)

हामीले "परमेश्वरको राज्य को खोजी" पहिले गर्नुपर्छ । कसरी ? राजाको आज्ञा पालन गरेर ।

हामीले दुईवटा कुरा सिक्यौं १."परमेश्वरमा समर्पित हुने" र २. "शैतानको विरोध गर्ने"
याकूब ४:६-८ १पत्रुस ५:५-९

शाऊलको आज्ञाकारिता : १शमूएल १५:१-३; ९-२३
- भूल मानि लिए तर पश्चात्ताप गरेनन् : पद २४, ३०
- उनी नेतृत्वपनको पदबाट त्यागिए : पद २६-२९
- परमेश्वरको आत्माले छोड्नुभयो : १६:१४; १८:१०-११
- अनाज्ञाकारिताले गर्दा दुष्ट आत्माबाट उनी चलाइए :
  रोमी ६:१६ प्रेरित ५:३२ एफिसी ४:२७

शैतानको विरूद्धमा परमेश्वरको लड़न्त चाहिँ उहाँको समर्पित जनहरुद्वारा शुरू हुँदछ, जसले सक्रिय रुपमा शैतानको विरोध गर्दछ र कुनै पनि मूल्यमा शैतानको सामना गर्न उ तयार रहँदछ ।

"तपाईंको इच्छा स्वर्गमा झैँ यस पृथ्वीमा पूरा होस् ।"

भजन ३४:१२-१७

आज्ञाकारिताले यो माग गर्दछ कि हामीले :

ग) परमेश्वरको सारा हतियार धारण गर्नुपर्दछ एफिसी ६:११-१७

आक्रमणबाट आफ्नो राज्य सुरक्षित राख्ने – परमेश्वरको निम्ति गढ़हरु निर्माण गर्ने ।

१. आफ्नो कम्मर सत्यताले कस्ने यूहन्ना ८:३१-३२; १४:६; भजन ११९:१६०

- उहाँ जो हुनुहुन्छ : सार्वभौम – अधिकार – ज्ञान – प्रेम – अनुग्रह
- उहाँ जसले गर्नुभयो र गर्नुहुनेछ ।
- सधैं सत्य बोल्नुहोस् । झूटले हारको ढोकालाई खोल्दछ ।
  भजन १५:१-२; एफिसी ४:१५, २४-२७; कलस्सी ३:९
  यूहन्ना ८:४४ "पिता ..." ; प्रेरित ५:१-५ हननिया र सफिरा ।

२) धार्मिकताको छाती पाता हृदयलाई सुरक्षित राख्दछ
हितो ४:२३ मत्ती १५:१८-१९ १शमूएल १६:७

पहिलो : उहाँको धार्मिकतामाथि पूर्ण विश्वास गर्नुहोस्
फिलिप्पी ३:९ २कोरिन्थी ५:२१ १थेस्सलोनिकी ५:८

त्यसपछि : "तिमीहरु पवित्र होओ" पवित्र जीवन जिउने १पत्रुस १:१३-१६

एफिसी ४:२४; १तिमोथी ६:११; १यूहन्ना २:२९; ३:३, ७, १०

यहोशू ५:१३-१५ "तिम्रो जुत्ता फूकाल ..."

पवित्र जीवनद्वारा नै विजयी जीवनको शुरूआत हुँदछ ।

"उहाँले हामीलाई अन्धकारको अधिकार देखि छुटकारा दिनुभएको छ ।"

हामीले अन्धकारको सामना गरिरहेका छौं भने यसले शैतानलाई हामीमाथि आक्रमण गरी हामीलाई चोर्ने आधिकारिक इजाजत (एफिसी ४:२७) दिँदछ ।

लूका ११:३५-३६ "तिमीहरु होशियार रहो ताकि तिमीहरुमा भएको ज्योति ननिभोस् ।"

शैतान जस्तोसुकै अन्धकारको क्षेत्रमा पनि हिँड्न सक्दछ । जहाँ-जहाँ परमेश्वरको वचनको अनाज्ञाकारिता हुँदछ, त्यहाँ आत्मिकी अन्धकार र दक्षता हुँदछ, जसले शैतानको कार्यलाई तिव्रता दिँदछ ।

एकमात्र जो हुनुहुन्छ, जो हृदयमा शुद्ध हुनुहुन्छ र दुष्टलाई घृणा गर्नुहुन्छ उहाँले शैतानको क्षेत्रबाट हामीलाई कुनै पनि दु:ख कष्ट नदिइकन छुटकारा दिनुहुन्छ ।
भजन ९७:१०  हितो ८:१३

उदाहरण : पत्रुस – पत्रुसले तीन पटक इन्कार गरे ।
यो डर थिएन, उसले केही समय अगाडि मात्र कान काटि दिएका थिए ।

लूका २२:२४, ३१-३२  घमण्डले शैतानले ढोका खोल्यो । पतन
(याकूब ४:६-७)

परिणाम : नम्रता प्रेरित ३:१२ख

हाम्रो विश्वास नडग्मगाओस् भनेर “येशूले हाम्रो निम्ति अन्तरविन्ती गर्नुहुन्छ (पद ३२) मेरो विचार कार्यहरु क्षणभरको निम्ति डगमगाउँछ होला तर मेरो विश्वास

कहिले पनि डगमगाउने छैन । मेरो हृदय उहाँको अन्तरविन्तीले बाँधिएको छ ।
यूहन्ना १७:१२; १८:९  हिब्रू ७:२५

हामीले लडाईं गर्नुभन्दा पहिले, हामीले यो निश्चयता गर्नुपर्छ - जून अन्धकारको राज्यम हामी लुकेका छौं, त्यो राज्य हाम्रो भविष्यको हारको राज्य हो । १पत्रुस ५:५-९

विजयले उहाँको उपस्थितिको माग गर्दछ ।
प्रस्थान ३३:१४;  भजन १५;  २४:३-६
व्यवस्था २३:१४

विजय तब शुरू हुन्छ, जब हाम्रो हृदयमा खीष्टको चरीत्र हुँदछ
(आत्माको फल)

पावलले तिमोथीलाई सिपाही : १तिमोथी १:५, १९; ३:९; ४:१-२
२तिमोथी १:३; १पत्रुस ३:१६, १८, २१

स्वच्छ विवेकमा शैतानले कहिले पनि दोषारोपण र आत्माग्लानी ल्याउन सक्दैन ।

३. शान्तिको सुसमाचार सुनाउने तयारीको जुत्ता

लगाउनु सुसमाचार सुनाउन, जुनसुकै ठाउँ र समयमा जानु तयार हुने ।
गतिशिलता

मर्कूस १६:१५ "सारा जगतमा गएर सुसमाचार प्रचार गर ।"

४. विश्वासको ढाल

वचावट : हितो ३०:५; २:७; भजन ३:३; २८:७; रोमी १०:१७

शैतानले आक्रमण गर्ने समयमा परमेश्वरमा भरोसा राखी उहाँको प्रतिज्ञालाई दावी गर्दै शैतानको झूट र चलाकीपन माथि विजय प्राप्त गर्नुपर्छ ।

बाधा : अगाडि बढ्नलाई – पहिला नै प्रयोग गर्ने ।
हिब्रू ११:१, ३३-३४; भजन ३७:३, ५; १यूहन्ना ५:४-५

५. मुक्तिको टोप

दिमागलाई बचाउने (युद्धक्षेत्र)

२कोरिन्थी ४:४ "तिनीहरुका विषयमा भनैं भने ख्रीष्ट जो परमेश्वरको रुप हुनुहुन्छ, उहाँको महिमाको सुसमाचार तिनीहरुले नदेखुन भनेर यस संसारको देवले अविश्वासीहरुका समझलाई अन्धो तुल्याइदिएको छ ।"

२कोरिन्थी १०:४-५ "किनकि हाम्रो युद्धका अस्त्र-सस्त्र सांसारिक होइनन् तर किल्लाहरु नाश गर्ने ईश्वरिय सामर्थ तिनमा छ । परमेश्वरका ज्ञानको विरूद्धमा खडा हुने बहसहरु र हरेक अहंकारपूर्ण बाधालाई हामी नाश गर्छौं र हरेक विचारलाई ख्रीष्टको आज्ञापालन गर्नलाई वशमा पार्छौं ।"

सबैतिर सुरक्षित राखेका छौं खाली .... पछाडि चाहिँ होइन ।

१. कहिले पनि पछाडि नफर्किनुहोस्, कहिले पनि नछोड्नु होस् कहिले पनि नहार्नुहोस् – नरोकिनुहोस् ।

२. रोमी सिपाहीहरुले नजीकैको दुरीमा लडाई गरेका थिए छेउ छेउमा तिनीहरुको तरवार बन्द थिया
। तपाईंको शरीरमा परमेश्वरको सेना जस्तो भर्न हुने ठाउँ खोज्नुहोस् सँगसँगै उभिनुहोस् ।

४. हाम्रो ईश्वरीय हतियार २कोरिन्थी १०:३-५
"तर हाम्रो हतियार चाहिँ .... परमेश्वरको सामर्थ्यमा दुष्टका किल्लाहरु नाश गर्नु हो ।

१. प्रार्थना जो ढोकालाई खोल्ने र बन्द गर्ने साँचो हो । हामीलाई यो साँचो अधिकार दिँदा – उहाँले आफ्नो कतिपय कार्यहरुलाई कम प्राथमिकता दिनुभई उहाँको जनहरुले चढाएको अन्तरविन्तीको प्रत्युत्तर दिनुहुन्छ जब सम्म तिनीहरुले प्रार्थना गर्दैनन्,

उहाँले काम गर्न सक्नुहुन्न । किन ???

१कोरिन्थी ३:९ "हामी परमेश्वरका सहकर्मीहरु हौँ ।"

परमेश्वरले शुरूमा मानिसलाई पृथ्वी अधिकार गर्नलाई दिनुभयो । यसलाई कसैले पनि नकार्न सक्दैन् ।

उत्पत्ति १:२८ भजन ११५:१६ ८:४-६ हिब्रू २:५-८

स्वर्गले इच्छा गर्छ र पर्खन्छ : हिब्रू १०:१३

पर्खन्छ ........................................... मानिस यस्तो बनिनुको लागि

रीस गर्न छोड्नु
विरामी हुन छोड्नु
थाक्न छोड्नु
प्रार्थनागर्न अल्छी मान्न छोड्नु ! ! !

परमेश्वरसँग सहमत हुनु ⇨ प्रशस्त प्रशस्त छ ।

अरूहरुको खाडलको बीचमा उभिनु ⇨ प्रार्थन धेरै गर्ने मान्छेलाई वास्तागर्ने कोही पाइएन ।

यशैया ५९:१६; ६३:५ इजकिएल २२:३०

प्रार्थनामा परमेश्वरसँग कराउनु (रुनु) :

क) तपाईंको राज्य आओस्, तपाईंको इच्छा पूरा होस् ।

अवस्थामा आउनलाई निमन्त्रणा गर्नुहोस् प्रकाश ३:२०

यो एउटा अनुरोध हो : अन्धाकारको राज्यको शुन्यतामा परमेश्वरको राज्य विस्थापित गने ।

यसको अर्थ : प्रार्थना :

- मानिसहरुको निम्ति उहाँको इच्छा
  - एफिसी ६:१८
  - याकूब ५:१४-१८

- हाम्रो शहर र राष्ट्रको निम्ति उहाँको इच्छा
  - १तिमोथी २:१-८
  - उत्पत्ति १८:२६; मत्ती ५:१३ – उदाहरण: लूत "फ्याँकिइए"
  - उत्पत्ति १९:८, १४, १६– प्रार्थना छैन, गवाही छैन र परिवर्तन छैन ।
  - यर्मिया २९:७
  - २इतिहास ७:१४ भजन २:८; १११:६

हरेक अवस्थाहरुमा परमेश्वरको इच्छा के छ भनी थाहा पाउनुहोस् । यस्तै होस् भनी प्रार्थना गर्नुहोस् । यशैया ९:७ "....उहाँको राज्यको अन्त कहिल्यै हुनेछैन ।"

ख) प्रार्थनामा परमेश्वरलाई पुकार्नुहोस् – तपाईंका जनहरुलाई छुटाउनुहोस् हे प्रभु
योएल २:१७ प्रस्थान २:२३-२५; ३:७-९
भजन १०७:६, १३, १९, २८; ५०:१५, ७२:१२ र हितोपदेश २१:१३

ग) उहाँको बलियो हातले थाम्नुहोस् भनी प्रभुलाई पुकारा गर्नुहोस् ।
- प्रस्थान १५:३, ६, १२
- यशैया ५०:२; ५१:९ ५२:१०

घ) अन्तरविन्तीमा प्रभुलाई पुकारा गर्नुहोस् । हिब्रू ४:१४-१६

दानियलको उदाहरण :
दानियल ९:३ "यसकारण उपवाससाथ भाङ्ग्रा ओडेर खरानी घसी प्रार्थना र अन्तरविन्ती गर्दै परमप्रभु परमेश्वर तिर फर्के ।"

१. "परमेश्वरतिर फर्के " निश्चयता गरे, धेरै विचार गरे धर्मशास्त्र धेरै अध्ययन गरे । उनले आफैलाई तयार गरे । खोज्न तयारी गरे र खोजिरहे ।

२. "उपवास साथ भाङ्ग्रा लगाएर खरानी धसे" आफ्नो हृदयलाई नम्र पारे र पश्चात्ताप गरे । दानियल ९:४-१६ "... हामीले पाप गरेका छौं ।" पद ५

३. यस्ता समूहमा रहेका सबै पापहरु हामीले पश्चात्ताप गर्नु आवश्यक छ । दानियलले आफ्ना मानिसहरुको विषयमा कुरा गरिरहेका थिए "हामीले पाप गरेका छौं ।" "मानिसहरुको बीचबाट" आएको विश्वासीले राष्ट्रको पापको निम्ति पश्चात्ताप गर्नु जरूरी छ ।

४. परमेश्वरको न्याय र कार्यहरु उनले माने । यो चाहिँ दयाको पहिलो कदम हो ।

५. हामीलाई जे हुन्छ, यो चाहिँ हाम्रो पापको परिणामबाट हुन्छ । हामीले जे रोप्छौं, त्यही कटनी गर्छौं ।

६. जब हामीले परमेश्वरको न्याय र उहाँलाई नै इन्कार गर्छौं, हामी उहाँको विरोधी हुन्छौं र पाप गर्छौं र शैतानले छल गरेर ढोका खुल्ला राख्दछ ।

दानियल ९:१७-१९
दानियल ९:२०-२७ गाब्रियलले उत्तर ल्याउदछन्
दानियल १०:१२-१४ गाब्रियलले उत्तर ल्याउँदछन् तर "पर्सियाको राजकुमार" ले उनलाई २१ दिनसम्म रोके । प्रायः जब हामी प्रार्थना गर्छौं, स्वर्गमा लड़न्त हुँदछ ।

ङ. अन्धकारलाई धकेल्नुहोस् – परमेश्वरको राज्य बढाउनुहोस् ।

अन्तरविन्तीको अर्थ : जुन कुरा परमेश्वरको हो, त्यो उहाँलाई फिर्ता दिनु ।
शैतानले यसलाई छल गरेर चोरेर आफ्नो बनाएको छ ।
यहोशू १९:११, २२, २६ २७, ३४

भजन ४४:५

च. प्रार्थनाले स्वर्गदूतहरुलाई फुकाउँदछ र शैतानलाई बाँध्दछ,
स्वर्गदूतहरुको जिम्मेवारी चाहिँ :
१. आराधना गर्नु र परमेश्वरको सेवा गर्नु हिब्रू १:४, ६-७
२. "मुक्तिलाई ग्रहण गर्नेहरुलाई सेवा दिनु"
हिब्रू १:१४

- अब्राहामले लूतको निम्ति प्रार्थना गरे – स्वर्गदूतहरुले तिनलाई छुटाए । उत्पत्ति १९
- एलिशा शत्रुहरुको फौजद्वारा घेरिएका थिए । २राजा ६:१७
- दानियल र सिंहको खोर दानियल ६:२२
- दानियलले तीन हप्तामा उपवाससाथ प्रार्थना गरे
  दानियल १०:२, १३
- हिजकियाहले प्रार्थना गरे, स्वर्गदूतहरुले १,८५,००० अश्शूरहरुलाई रोके
  यशै ३७:२१, ३६
- प्रेरितहरुलाई झ्यालखानबाट छुटाए प्रेरित ५:१९; १२:५-१०

हाम्रो ईश्वरिय हतियार (लगातार छ)

२. "आत्माको तरवार जुनचाहिँ परमेश्वरको वचन हो"
एफिसी ६:१७

क) यो शक्तिशाली छ :
हिब्रू ४:१२
यशैया ५५:११
यर्मिया २३:२९
प्रकाश १:१६
१थेस्सलोनिकी २:१३
भजन १०७:२०
मत्ती ८:८ "प्रभु ... तपाईं बोलि मात्र दिनुहोस्, र मेरो नोकर निको हुनेछ ।"

येशूले आँधीलाई हकार्नुभयो, नेभाराको रुखलाई र लाजरसलाई हकार्नुभयो । उहाँको वचन संगति / प्रार्थनाद्वारा आउँदछ
एफिसी ६:१८

- यर्मिया १:७-१० , १२ , १७ इजकिएल ३७:१-१०
- याकूब ५:१७ १ राजा १७:१; १८:१

ख) हामीले तरवार कसरी प्रयोग गर्ने :
- अयूब २२:२८
- मर्कूस ११:१२-१४, २०-२५

- प्रस्थान ३:१८
- १ शमूएल १७:३३-३७, ४३-४७
- यशैया ४२:२२;   ४९:९

मत्ती १६:१८-१९   चावीहरु = अधिकार (शासन, डोऱ्याउनु)
"म तिमीहरुलाई परमेश्वरको राज्यको अधिकार दिदछु, र जे तिमीहरुले यस पृथ्वीमा बाँधौला वा (बन्द गरौंला) त्यो स्वर्गमा पनि बाँधिनेछ र बन्द गरिनेछ ।

हाम्रो कार्यद्धारा परमेश्वरको राज्यको अधिकार निहित हुन्छ ।

जब हामी यसलाई घोषणा गर्छौं, तब यो हुनेछ !

जे होस् : वचन बोल्नुहोस् - अधिकार सहित आत्माको तरवारको प्रयोग गर्नुहोस् - तपाईं आफै अधिकार मुनि रहनुपर्छ !

मत्ती ८:८-१० "तर कप्तानले भने "हे प्रभु तपाईंलाई मेरो घरमा स्वागत गर्ने योग्यको म छैन । तर वचन मात्र बोलिदिनुहोस्  र मेरो नोकर निको हुनेछ । किनकि म पनि अधिकारीहरुका अधीनमा छु अनि मेरो अधीनमा सिपाहीहरु छन् । म एक जनालाई "जा" भन्छु अनि त्यो जान्छ र अर्कालाई "आईज" भन्छु अनि त्यो आउँछ । मेरो कमारालाई "यसो गर" भन्छु अनि त्यसले त्यो गर्छ ।"

अधिकारीको मुनि रहनलाई हामी परमेश्वरको आज्ञाकारी हुनुपर्दछ, उहाँको आज्ञालाई मान्नुपर्छ र गर्नुपर्छ । "तपाईंको इच्छा पूरा होस् ।"

अधिकारीको "आदेश दिनु" को अर्थ पवित्र आत्माको अगुवाइमा घोषणा गर्नु हो । जहाँ बन्द ढोकाहरु छन् परमेश्वरले हामीलाई ती खोल्नलाई आवस्थाहरु जुटाउनुहुन्छ ।

ग) भूतहरु धपाउन :   मत्ती १०:१, ७-८;   १७:१४-२१
लूका १०:१७-२०

घ) बिरामीहरुलाई हकार्ने

ङ) व्यक्तिको जीवनमा भएको दुष्ट आत्मालाई हकार्ने अभ्यास गर्ने ।

परमेश्वरको राज्य विस्तार र मण्डली बृद्धिको सफल प्रचार चाहिँ आत्मिकी लड़न्तमा निर्भर रहँदछ ।

मत्ती १६:१८, "म आफ्नो मण्डली स्थापित गर्नेछु, र मृत्युका फाटकहरु यसमा विजय हुनेछैन ।"

उत्पत्ति २२:१७ "तेरा सन्तानहरुले शत्रुहरुका शहरहरु कब्जा गर्नेछन् ।"

- गलाती ३:२९ "यदि तिमीहरु ख्रीष्टका हौ, भने तिमीहरु पनि अब्राहामका सन्तान हौ, प्रतिज्ञा सहितका हकदार ।"

- कब्जा गर्नु – आफ्नो बनाउनु, आफ्नो बशमा पार्नु ।

- शहर – राज्य गर्ने आधिकारिक ठउँ ।

    - रुथ ४:१, १०-११
    - १राजा २२:१० यी राजाहरु दिइएका छन् । अथवा लगिएका छन्, अधिकारको ठाउँ नियन्त्रण शासक ।

आमोस ५:१५ "खराबीलाई घृणा, भलाईलाई प्रेम गर । न्यायालयमा न्याय कायम राख । शायद परमप्रभु परमेश्वरले योसेफका बाँचेकाहरुमाथि कृपा गर्नुहुनेछ ।"

मत्ती १६:१९ "म तिमीहरुलाई साँचोहरु दिनेछु ।"
- अधिकार / जिम्मेवारीहरु
- शहरहरु खोल्ने / बन्द गर्ने ।

मत्ती १६:१९ "म तिमीलाई स्वर्गका राज्यका साँचाहरु दिनेछु । जे तिमीहरुले पृथ्वीमा बाँध्नेछौ सो स्वर्गमा पनि बाँधिनेछ, र जे तिमीहरुले पृथ्वीमा फूकाऔला, सो स्वर्गमा फुकाइनेछ ।"

## ३. येशूको नाम – ईश्वरीय हतियार

| | |
|---|---|
| फिलिप्पी २:९-११ | प्रेरित ३:६; १५-१६; ४:१०; ९:३४; १६:१६-१८ |
| १शमूएल १७:४५ | मर्कूस १६:१७ |
| रोमी १०:१३ | २इतिहास १४:११ |
| भजन ४४:५ | उदाहरण : लूका १०:१७-२० |

## ४. प्रशंसाको शक्ति

प्रस्थान १५:१०-११ "तपाईं जस्तो महान को छ र ?"
भजन २२:३ "तपाईं परम पवित्र हुनुहुन्छ"

| | |
|---|---|
| भजन १४९ | यशैया ४२:१०-१३ |
| भजन ८:२ र मत्ती २५:१६ | भजन ७६:१-३ यहूदा = प्रशंसा |
| प्रेरित १६:२२ | २इतिहास २०:२२ |

## ५. प्रचारको शक्ति

रोमी १:१५, १६
१कोरिन्थी १:१७-२४

मण्डली स्थापना गर्न – वेदीहरु बनाउन – जहाँ परमेश्वरको आराधना गरिन्छ

त्यो चाहिँ : मण्डलीहरु स्थापना गर्नु

| | | | |
|---|---|---|---|
| अब्राहाम : | उत्पत्ति १२:७ | १२:८ | १३:१८ |
| इसहाक : | उत्पत्ति २६:२३-२५ | | |

याकूब : उत्पत्ति २८:१२-१३, १७-१९ ३३:१८-२० ३५:१३-१५
हामी अब्राहामका "वंश" हौं गलाती ३:२९

६. गवाहीको शक्ति – "गवाही हुनु"
प्रकाश १२:११

७. उपवासको शक्ति – मत्ती ६:१६-१८; ९:१४-१५
क) सेवाकाइको निम्ति शक्ति प्राप्त गर्नु लूका ४:१-२, १४
ख) व्यक्तिगत प्रकाश – लूका २:३६-३८
हन्नाले देखिन्, अरूहरुले उनीले भनेको सुने ।
ग) सेवाकाइमा बोलावट दिने र पठाउने प्रेरित १३:१-४
घ) शरीरमाथि विजय
भजन ३५:१३ दाऊदले आफ्नो हृदय नम्र पारे ।
गलाती ५:१७ शरीरको अभिलाषामाथि शक्तिशाली मुक्का प्रहार गर्ने ।
ङ) आत्मिकी लड़न्त
यशैया ५८:६
१शमूएल ७:३-१० देवताहरु हटाए, उपवास बसे, प्रार्थना गरे,
शत्रुहरुलाई हराए ।
२इतिहास २०
मत्ती १७:१४-२१ "प्रार्थना र उपवास विना यस प्रकारको आत्माहरु निस्की जाँदैनन् ।"

सूचि-पत्र

Breaking strongholds in your city by: C. Peter Wagner Regal Books.
Spiritual Warfare by: Dean Sherman YWAM Publishing
Redeeming the Lord by: Emeka Nwankpa African Christian Press.